# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# नरैनापुर गाउँपालिका
# नरैनापुर, बाँके




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal


**प्रदेश लेखापरीक्षण महानिर्देशनालय**
(लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालय)

पत्र संख्या: २०७८।७९
च.नं.११३

मिति: २०७९।३।२३

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू
नरैनापुर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,नरैनापुर,बाँके ।

**कैफियत सहितको राय**

हामीले नरैनापुर गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. २ करोड १७ लाख १२ हजार बेरुजु देखिएको छ। सोमध्ये मिति २०७८।१२।१३ मा प्राप्त प्रतिक्रियाबाट रू.२० लाख ८० हजार फर्स्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.८ लाख, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६५ लाख ८२ हजार, नियमित गर्नुपर्ने रू.९१ लाख ६२ हजार र पेश्की रू.३० लाख ८८ हजार रहेको छ ।पालिकाको गतवर्ष रु.१४ करोड ७६ लाख ८६ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु १६ करोड ७३ लाख १८ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
३. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा रहने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका,अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक


Phone: 01-4772220, 4771270, 4262958, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np/ dir.mgnt@oagnep.gov.np/ Web Page: www.oag.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

नरैनापुर गाउँपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६० | ३७ | २१७१२ | ० | ७ | २०८० | ६० | ३० | १९६३२ | ८०० | ९१६२ | ६५८२ | ० | ० | १५७४४ | ३०८० |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाँके | १४७६८६ | ० | ० | १४७६८६ | ० | १९६३२ | १६७३१८ |



# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : नरैनापुर गाउँपालिका, बाँके , नरैनापुर गाउँपालिका , बाँके

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Dala Bahadur Basnet | २०७८-२-१४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Mahendra Jung Shahi | २०७७-६-९ | |
| कार्यालय प्रमुख | Maniram Kharal | २०७७-४-१ | |
| लेखा प्रमुख | Prakash Adhikari | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | २१,७१२,४६२ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ७०,३३,१०५.५४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २७,६४,४७,७१२.९ | **चालु खर्च** | ३७,९८,७७,००० |
| **प्रदेश सरकारबाट अनुदान** | ३,४९,९५,२३८ | **पूँजीगत खर्च** | १३,५२,५०,५५९ |
| **राजश्व बाँडफाँट** | ९,४२,२७,५६५.१८ | **वित्तीय/अन्य व्यवस्था** | ६०,२२,१७३.२५ |
| **आन्तरिक आय** | २,०७,४६,६८६.४९ | | |
| **अन्य आय** | १०,८६,५८,०४९.५७ | | |
| **कुल आय** | ५३,५०,७५,२५२.१४ | **कुल खर्च** | ५२,११,४९,७३२.२५ |
| **बाँकी मौज्दात** | | २,०९,५८,६२५.४३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **लेखापरीक्षण**<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती 2078/11/13 मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| २ | | | **परीचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न नरैनापूर गाँउपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता उत्तरदायित्व पारर्दशिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु यसको उद्धेश्य रहेको छ ।यो गाँउपालिका अर्न्तगत 6 वडा 32 गाँउ सभा सदस्य लुम्बिनी प्रदेशमा अवस्थित छ। यसको कुल जनसंख्या 34 हजार 9 सय 42 रहेको छ। | |
| ३ | | | **एकिकृत आ.वी.**<br>**संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष 2077/ 78 को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ७०३३१०५.५४ | १ | चालु खर्च | | ३७९८७७००० |
| | क) नगद | | | २ | पूँजीगत खर्च | | 135250559.8 |
| | ख) बैंक | ७०३३१०५.५४ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | ० |
| २ | राजस्व ( आन्तरिक आय) | | ११४९७४२५१.६७ | | क) ऋण भुक्तानी | | ० |
| | क) आन्तरिक राजस्व | 207४६६८६.४९ | | | ख) ब्याज भुक्तानी | | ० |
| | ख) राजस्व बाँडफाँड | ९,४२,२७,५६५.१८ | | | ग) अन्य भुक्तानी | | ० |
| | ग) अन्य आय | | | ४ | लगानी | | ० |
| ३ | वित्तिय हस्तान्तरण संघ | | २७६४४७७१२.९० | | ऋण लगानी | | ० |
| | क) वित्तिय समानीकरण अनुदान | ११,२३,००,००० | | | शेयर लगानी | | ० |
| | ख) सशर्त अनुदान | १५,२१,४७,७१२.९० | | | अन्य लगानी | | ० |
| | ग) समपूरक अनुदान | ० | | ५ | धरौटी फिर्ता | | १९८५७८५ |
| | घ) विशेष अनुदान | १,२०,००,००० | | ६ | जनश्रमदान फिर्ता | | ० |
| 4 | अन्तरसरकारी वित्त अनुदान | ० | ० | | | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ३,४९,९५,२३८ | ७ | कोष फिर्ता | | ० |
| | क) वित्तिय समानीकरण अनुदान | ५५,०९,००० | | ८ | मौज्दात | | २०९५८६२५.४३ |
| | ख) सशर्त अनुदान | १,२८,३२,५२१ | | | क) बैंक मौज्दात | २०९५८६२५.४३ | |
| | ग) समपुरक अनुदान | १,०९,२८,६९४ | | | ख) नगद मौज्दात | | |
| | घ) विशेष अनुदान | ५७,२५,०२३ | | ९ | अनुदान फिर्ता | | ० |
| ५ | अन्तर सरकारी हस्तान्तरण | ७८२६१८१६ | ० | | क) संघ सशर्त | | |
| ६ | अन्य | ० | ० | | ख) संघ विषेश | | |
| | क) क्षेत्रीय शहरी विकास योजना | | ० | | ग) प्रदेश सशर्त | | |
| | ख) सडक बोर्ड नेपाल | | ० | | घ) प्रदेश विषेश | | |
| | ग) पर्यटन बोर्ड नेपाल | | ० | | ङ) प्रदेश समपुरक | | |
| | घ) एन एन एस डब्लु ए | | ० | | च बेरुजु खातामा दाखिला | | |
| ७ | विभिन्न कोषतर्फको आय | | 90177746 | १० | गत बर्षको बढी अल्या | | |
| ८ | जनसहभागिता (नगद) | | ० | ११ | जनश्रमदान मौज्दात | | |
| ९ | विषयगत निकायबाट प्राप्त | | ० | १२ | धरौट मौज्दात | | ४०३६३८६.५७ |
| १० | धरौटी आय | | ६०,२२,१७१.५७ | १३ | कोष खाताको मौज्दात | 65803684 | |
| ११ | लगानीको साँवा फिर्ता | | ० | | | | |
| १२ | अन्य विविध आय | | ० | | | | |
| | जम्मा | | 542108357.68 | | जम्मा | | 542108357.68 |

| ४ | खरिद व्यवस्था |
|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ४.१ | | | **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| ४.२ | | | **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ४.३ | | | **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ४.४ | | | **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ४.५ | | | **सवारीसाधन खरिद** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले .5 थान दुई पांग्रे सवारि साधन खरिदमा रु १७६८४००, खर्च गरेको छ । आवस्यकता र स्थानीय क्षमताका आधारमा खर्च गर्नु पर्दछ । | |
| ५ | | | **आन्तरीक नियन्त्रण प्रणाली तथा बजेट तथा कार्यक्रम** | |
| ५.१ | | | **वित्तीय विवरण**– स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कनको लागि सुत्रकव प्रयोग गरेको छ । | |
| | | | | | |

| | | | | |
|---|---|---|---|---|
| ५.२ | | | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>· स्थानीय सरकार सञ्चालनऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>· अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।<br>· मुल्य अभिवृद्धि कर नियमावली **२०५३** को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको।<br>· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्तनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>· पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ७८ जनाको दरबन्दी रहेकोमा २० दरबन्दी रिक्त रहेको पाईयो ।<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>· निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगराई तलब भत्ता खर्च लेखेको पाइयो । निजामती सेवा ऐन अनुसार तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>· मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५.३ | | | **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०77 को नियम ३5 बमोजिम बमोजिम चौमासिक प्रगति विवरण वनाई पेशगर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।पालिकाले | |

उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु. ४१२४९१६८२.६८ खर्च भएकोमा प्रथम चौमासिकमा रु ६६३९४०५७.८१. अर्थात १६.१० प्रतिशत, दोश्रो चौमासिकमा रु. ७०८९२४९७.५६ अर्थात १७.१९ प्रतिशत र तेश्रो चौमासिकमा रु .२७५२०५१२७.३१अर्थात ६६.७२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १८४१०६४६९.९७ अर्थात 44.63 प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

| क्र.स.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| | चालु खर्चतर्फ | ३०१६१५११८४.८८ | ५९९०४८०८.७१ | ५८१७६९७९.८६ | १८३५३३३९६.३१ | १२५६६१६७०.९७ |
| | पूँजिगत खर्चतर्फ | ११०८७६४९७.८० | ६४८९२४९.१० | १२७१५५१७.७० | ९१६७१७३१ | ५८४४४७९९ |
| | जम्मा | ४१२४९१६८२.६८ | ६६३९४०५७.८१ | ७०८९२४९७.५६ | २७५२०५१२७.३१ | १८४१०६४६९.९७ |
| | प्रतिशत | ६७.८३ | १६.१० | १७.१९ | ६६.७२ | **44.63** |

५.४

वैंक मौज्दात-पालिकाको आर्थिक वर्षको अन्त्यमा रहेको वैंक मौज्दातको विवरण निम्नानुसार उपलव्ध गराएको छः।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०७8 असार मसान्तको बाँकी | चालु रपुँजीगत खाताबाट संचित कोषमा ट्रान्सफर / साट्न बाँकी चेक | बैंक स्टेटमेण्ट अनुसार २०७8 असार मसान्तको बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १ | सञ्चित कोष | ३५३८३९.४१ | ० | ३५३८३९.४१ | |
| २ | चालु खाता | ११२२८१६५.१२ | ८३०१२०७४.२७ | ९४२४०२३९.३९ | |
| ३ | पूँजीगत खाता | ९७३०४६० | ३४००९६२८.९२ | ४३७४००८८.९२ | |
| ४ | विविध कोष खाता | ६५५६६०१५ | ० | ६५५६६०१५ | |
| ५ | प्रकोप व्य कोष खाता | ९६४९६ | ० | ९६४९६ | |

५.५

**क्षेत्रगत बजेट र खर्चको स्थितिः**स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २0७7।७8 को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,५९,२०,१०० | २,१३,४२,४९१ | ८२.३४ | ४५,७७,६०९ |
| १ | कृषि | २,२५,२०,१०० | १,८४,०४,८०२ | ८१.७३ | ४१,१५,२९८ |
| २ | उद्योग | २५,००,००० | २१,४२,१८९ | ८५.६९ | ३,५७,८११ |
| ३ | जलश्रोत तथा सिंचाई | ८,००,००० | ७,९५,५०० | ९९.४४ | ४,५०० |
| ४ | भूमि व्यवस्था | १,००,००० | ० | ० | १,००,००० |
| २ | सामाजिक विकास | २२,८०,४५,९१८ | १७,२५,४५,६३९.३६ | ७५.६६ | ५,५५,००,२७८.६४ |
| १ | शिक्षा | १२,८०,९९,९१८ | ९,२९,७४,१८८.९१ | ७२.५८ | ३,५१,२५,७२९.०९ |
| २ | स्वास्थ्य | ७,५२,९८,००० | ६,२६,६९,१९८ | ८३.२३ | १,२६,२८,८०२ |
| ३ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १,३९,९०,००० | १,२५,९४,७८१ | ९०.०३ | १३,९५,२१९ |
| ४ | युवा तथा खेलकुद | १,००,००० | १,००,००० | १०० | ० |
| ५ | सामाजिक सुरक्षा तथा संरक्षण | १,०५,५८,००० | ४२,०७,४७१.४५ | ३९.८५ | ६३,५०,५२८.५५ |
| ३ | पूर्वाधार विकास | २२,५२,५८,६२१ | १०,०५,४१,८०७.५८ | ४४.६३ | १२,४७,१६,८१३.४२ |
| १ | यातयात पूर्वाधार | ८,०३,८६,७६६ | ६,५४,३५,४५८.५८ | ८१.४ | १,४९,५१,३०७.४२ |
| २ | भवन, आवास तथा सहरी विकास | १३,८५,६०,००० | ३,२२,६२,२६५ | २३.२८ | १०,६२,९७,७३५ |
| ३ | सम्पदा पूर्वाधार | ६३,११,८५५ | २८,४४,०८४ | ४५.०६ | ३४,६७,७७१ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,७७,५०,२३४ | २,५९,१२,५७१ | ९३.३८ | १८,३७,६६३ |
| १ | वातावरण तथा जलवायु | ३०,५०,००० | २८,१२,८४४ | ९२.२२ | २,३७,१५६ |
| २ | विपद व्यवस्थापन | १,१८,००,२३४ | १,०७,७६,८२९ | ९१.३३ | १०,२३,४०५ |
| ३ | शान्ति तथा सुव्यवस्था | ३७,००,००० | ३३,९६,९२० | ९१.८१ | ३,०३,०८० |
| ४ | प्रशासकीय सुशासन | ९२,००,००० | ८९,२५,९७८ | ९७.०२ | २,७४,०२२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०,०८,३२,१७७ | ९,२१,४९,१७३.७४ | ९१.३९ | ८६,८३,००३.२६ |


https://nams.oag.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०,०८,३२,१७७ | ९,२१,४९,१७३.७४ | ९१.३९ | ८६,८३,००३.२६ |
| कुल जम्मा | | ६०,७८,०७,०५० | ४१,२४,९१,६८२.६८ | ६७.८६ | १९,५३,१५,३६७.३२ |

६ **बजेट पारि तथा अख्तियारी**

**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०७8।०३।१० गते रु ६०७८०७०००. बजेट सभा समक्ष पेश गरेकोमा पेश गरेकै मिति २०७8।०३।25 मा पारित गरि स्थानीय तहका प्रमुखले २०७8।०4।01 माप्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी छलफल गर्ने पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

७ **पदाधिकारि सुविधा सम्वन्धमा**

७.१ पदाधिकारी सुविधा- पालिकाले यस आ.ब.मा निम्नानुसार पदाधिकारी सुविधामा खर्च लेखेको छ ।

| सि.नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष ६जना | कार्यपालिकासदस्य ४ | सभाकासदस्य१९ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २४००० | २४००० | ३६०००० | २४०००० | ७५६००० | १४०४००० |
| २ | यातायात खर्च | ० | ० | ७२०००० | २८८००० | ६८४००० | १६९२००० |
| ३ | टेलिफोन,मोबाइल | ४२००० | ३६००० | २१६००० | १४४००० | ५७०००० | १००८००० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ४८००० | ४८००० | २१६००० | १४४००० | ४५६००० | ९१२००० |
| ५ | समन्वय तथा सहजीकरण | १२०००० | ९६००० | ४३२००० | २४०००० | ६८४००० | १५७२००० |
| ६ | अतिथि सत्कार | ७२००० | ६०००० | २८८००० | ० | ० | ४२०००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ६०००० | ६०००० | १४४००० | ० | ० | २६४००० |
| ८ | चाडपर्व खर्च | ० | ० | ० | ० | ० | ० |
| ९ | मर्मत सम्भार | ६०००० | ६०००० | १४४००० | ० | ० | २६४००० |
| | जम्मा | ४२६००० | ३८४००० | २५२०००० | १०५६००० | ३१५०००० | ७५३६००० |

| सि.नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष ६जना | कार्यपालिकासदस्य ४ | सभाकासदस्य१९ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २४००० | २४००० | ३६०००० | २४०००० | ७५६००० | १४०४००० |
| २ | यातायात खर्च | ० | ० | ७२०००० | २८८००० | ६८४००० | १६९२००० |
| ३ | टेलिफोन,मोबाइल | ४२००० | ३६००० | २१६००० | १४४००० | ५७०००० | १००८००० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ४८००० | ४८००० | २१६००० | १४४००० | ४५६००० | ९१२००० |
| ५ | समन्वय तथा सहजीकरण | १२०००० | ९६००० | ४३२००० | २४०००० | ६८४००० | १५७२००० |
| ६ | अतिथि सत्कार | ७२००० | ६०००० | २८८००० | ० | ० | ४२०००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ६०००० | ६०००० | १४४००० | ० | ० | २६४००० |
| ८ | चाडपर्व खर्च | ० | ० | ० | ० | ० | ० |
| ९ | मर्मत सम्भार | ६०००० | ६०००० | १४४००० | ० | ० | २६४००० |
| | जम्मा | ४२६००० | ३८४००० | २५२०००० | १०५६००० | ३१५०००० | ७५३६००० |

७.२ **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु **5832942** खर्च गरेको छ । यस प्रकारको खर्च यथाशिघ्र नियन्त्रण गरिनु पर्दछ ।

७.३ **आर्थिक सहायता**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस प्रकारको खर्च नियन्त्रण गरिनु पर्ने देखिन्छ ।

| कूल आन्तरिक आय | प्रशासनिक खर्च | आर्थिक सहायता | भैपरि आउने | पूँजिगत खर्च | आर्थिक सहायता प्राप्त गर्नेको | |
|---|---|---|---|---|---|---|
| | | | | | संख्या | रकम |
| 20७४६६८६.४९ | २०७०३८० | १३६१८०० | ० | ३९९६६८६ | १२५ | १३६१८०० |

७.४ **पदाधिकारी थप सुविधा- 785 2078/** लुम्बिनि प्रदेशको स्थानिय तहका सदस्य तथा पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धी ऐन,२०७६ को अनुसुचिमा उल्लेख भए वमोजिमको सुविधा पाउने व्यवस्था छ । तर पालिकाले निम्नानुसारका पदाधिकारीलाई निम्नानुसारको सुविधा वापतको अतिरीक्त रकम भूक्तानी भएकाले अतिरीक्त व्यय भार वढ्न ५१,०००

गएको रु.

| जनप्रतिनिधिको नाम | संचार खर्च | ईन्धन खर्च | जम्मा भूक्तानी |
|---|---|---|---|
| दिनेश प्रसाद शर्मा | 5000 | 15000 | 20000 |
| मसुद अहमद शाह | 5000 | 15000 | 20000 |
| कृष्णा चन्द्र मौर्य | 1000 | 10000 | 11000 |
| जम्मा | 11000 | 40000 | 51000 |

७.५ पदाधिकारी सुविधामा कर - आय कर ऐन 2058 मा भएको व्यवस्था अनुसार पदाधिकारीहरुले प्राप्त गर्ने सुविधा वापतको भूक्तानीमा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टा गरी भूक्तानी दिनुपर्नेमा पालिकाले यस आ.ब.मा भूक्तानी भएको रु.7536000।-मा कर कट्टी नगरी भक्तानी भएको पाईयो । कर वापतको रकम सम्वन्धित बाट असुल हुनुपर्ने रु.75360 ७५,३६०

८ **अनुदान प्राप्ती तथा वितरण**

८.१ **अनुदान फिर्ता** – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले निम्नानुसारको विवरण पेश गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | १९३३३३६२० | १५२१४७७१२.९० | ४११८५९०७.१० | ० |
| | विषेश | १२०००००० | १२०००००० | ० | ० |
| | समपुरक | ० | ० | ० | ० |
| प्रदेशसरकार | शसर्त | १४८५०००० | १२८३२५२१ | २०१७४७९ | ० |
| | विषेश | ६०००००० | ५७२५०२३ | २७४९७७ | ० |
| | समपुरक | १४५००००० | १०९२८६९४ | ३५७१३०६ | ० |

८.२ **अनुदानको अनुगमन**– सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा र तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन ।

| | | | | |
|---|---|---|---|---|
| | | | तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ८.३ | | | **नाफामूलक संस्थालाई अनुदान**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । | |
| ९ | | | **सार्वजनिक खरिद** | |
| ९.१ | | | **डीपीआर खर्च –** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाटगराई प्रतिवेदन प्राप्त गरको छ ।यस्त अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |

| कार्यविवरण | परामर्शदाता | स्वीकृतरकम | खर्चरकम | अध्ययनबाटनिर्धारणभएकोआयोजनाकोलागत |
|---|---|---|---|---|
| १५ शैया अस्पतालको डि.पी.आर. | जे.बि. इन्जिनियरस प्रा.लि. | १५९८९५० | १५९८९५० | २२०००००० |
| Topographic Survey, Master Plan and Preparation of DPR of Primary Childcare Center in ward no. 1, 3 & 6 | AlightEngineering Solutions Pvt. Ltd | ४,९९,२६७.९० | ४,९९,२६७.९० | ४००००००० |
| Detail Project Report (DPR) of Information Center in Ward No. 4 Narainapur Rural Municipality, Banke | Wide Range Engineering Solution Pvt. Ltd. | ४,९८,६१८.१५ | ४,९८,६१८.१५ | ४००००००० |
| प्रशासकीय भवन DPR | Atlas design pvt. Ltd. | ९४३३१५.१२ | ९४३३१५.१२ | १०००००० |
| हुलाकी रोड देखि रोशनपूर्वा हुँदै भारतीय सिमाना सम्म सडक निर्माण | MK Consultant and Construction Pvt. Ltd. | ४९७००० | ४९७००० | ५००००० |
| बर्फानी बाबा मन्दिरको गुरु योजना | रोफ इन्जिनियरिङ्ग सोलुसन प्रा. लि. | ४९७२०० | ४९७२०० | ५००००० |

| | | | | |
|---|---|---|---|---|
| ९.२ | | | **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि | |

विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु 1459219।- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| सफ्टवेयरको नाम | प्रयोजन | रकम |
|---|---|---|
| **Payroll MIS** | लेखा | 350000.00 |
| **PMIS** | योजना | 460424.00 |
| दर्ता चलानी | दर्ता चलानी | 159795.00 |
| सडक सर्भे | सडक सर्भे | 150000.00 |
| जिन्सी | जिन्सी | 339000.00 |
| जम्मा | | 1459219.00 |

९.३ **ठेक्का व्यबस्थापनः** सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । पालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः

| **कुल निर्माण खर्च** | **सोझै खरिद** | | **सिलबन्दी दरभाउपत्र** | | **बोलपत्र** | | **तेश्रो चौमासिकमा व्यवस्था भएको** | |
|---|---|---|---|---|---|---|---|---|
| | **संख्या** | **रकम** | **संख्या** | **रकम रु हजारमा** | **संख्या** | **रकम रु** | **संख्या** | **रकम रु हजारमा** |
| १२२०००००० | ४० | २०००००००० | ५ | १२०००००० | १७ | ५०००००००० | ५० | ४०००००००० |

९.४ **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु 21 करोड पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

९.५ **लागत सहभागिता**— पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

९.६ **परामर्श सेवा** – सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत

अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोभै**m** खरिद गरी रु. 2489600. खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्र्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

| क्र.सं. | कार्यक्रमको नाम | कुल खर्च मध्ये परामर्श खर्च रु |
|---|---|---|
| १ | आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, गाउँपालिकाको सार्वजनिक सुनवाई कार्यविधी, सामाजिक परिक्षणको कार्यविधीको मस्यौदा निर्माण | 497200.00 |
| २ | नरैनापुर गाउँपालिकाको GIS Mapping को निर्माण | 497200.00 |
| ३ | नरैनापुर गाउँपालिकाको क्षेत्राधिकारमा बन्ने भवनको मापदण्ड | 497200.00 |
| ४ | नदिजन्य पदार्थको उत्खनन तथा संकलनको **IEE** | 499000.00 |
| ५ | गाउँपालिका भवनको **IEE** | 499000.00 |
| जम्मा | | 2489600.00 |

।

| | | | | |
|---|---|---|---|---|
| ९.७ | | | **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ९.८ | | | **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । पालिकाले यस्ताो कार्यमा सुधार गर्नुपर्दछ । | |
| १० | | | **प्रधानमन्त्री रोजगार तथा स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम** | |
| १०.१ | | | प्रधानमन्त्रि रोजगार कार्यक्रम- यस अन्तरगत निम्नानुसारको विवरण कार्यालयले उपलव्ध गराएको छ । | |

| वडा नं | कार्यक्रम/योजना संचालन | रोजगार संख्या | कुल खर्च रकम -कर बाहेक_ | तलबमा /ज्याला |
|---|---|---|---|---|
| 1 | वडा नं ०१मा कटकुइया गाँउ देखि जंगल जाने बाटोमा पटान तथा बोरा भरने काम | **76.33** | 39067 | ज्याला |
| 2 | झमराहवा नालमा खैयरको विरुवा देखि आँपको विरुवा सम्मा बोरी लगाई बाँध बाधने काम | **544.6** | 278732 | ज्याला |
| 3 | कला गाँउको जंगल जाने बाटो मर्मत ,सिमरहना गाँउको रोड र खाकी दाश बाबा मन्दिरमा माटो पटान गर्ने काम | **1584** | **810665.528** | ज्याला |
| 4 | खोदावा गाँउको पीसीसी छेउमा नाली निर्माण गरने काम | **676.56** | 346281 | ज्याला |
| 5 | जङ्गल जाने बाटोमा माटो पटान र रामरुप यादवको घर देखि श्याम नन्द तिवारीको घर सम्म माटो पटान कार्यक्रम | **662** | 339205 | ज्याला |
| 6 | वडा नं ०६ नया बस्तीको सुरक्षा का लगि जंगली नालाको तटबाँध निर्माण गरने काम | **423** | २१६२९५ | ज्याला |
| 7 | वृक्षा रोपण कार्यक्रम | **223** | 114010=1325 | ज्याला |

१०.२

स्थानिय पूर्वाधार साझेदारी कार्यक्रम- पालिकाका ४ वटा योजना मध्ये २ वटा योजनाको प्रगति शुन्य भएको छ । योजना सञ्चालन गरी पालिकाले शत् प्रतिशत प्रगति हासिल गर्न ध्यान दिनुपर्दछ ।

| आयोजनाको प्रकार | संख्या | बजेट रकम | खर्च | वित्तिय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| सडक | २ | ३७५००००० | १५१००००० | ४०.२ | ३० |
| खानेपानी | ० | ० | ० | ० | ० |
| विद्यालय भवन निर्माण | १ | ३०००००० | ३०००००० | १०० | १०० |
| खेलमैदान | ० | ० | ० | ० | ० |

११ **आन्तरी आय तर्फ**

११.१

**आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ .

| केन्द्रिय अनुदानबाट प्राप्त आय | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४०५६७०५१६ | २०७४६६८६.४९ | ४.८७ |

| | | | | |
|---|---|---|---|---|
| ११.२ | | | **असुल हुन बाँकी आन्तरीक आय- गत आ.व. को लेखापरीक्षण मा समेत बेरुजु औल्याएकोका** पालिकाले दिएको विवरण अनुसार माटेहिया घाट उत्राही ठेक्काको गत वर्ष देखि नै असुल बाँकी आन्तरीक आम्दानी हालसम्म असुल भएको छैन् । सम्वन्धितबाट नियमानुसार लाग्ने १० प्रतिशत जरीवाना सहित असुल गर्नु पर्ने रु.1096834 | ९९,७१२ |
| ११.३ | | | **आन्तरीक आय र सफ्टवेयरको विवरण** पालिकाले आन्तरीक आय सकलनको लागि सफ्टवयेर खरीद गरी प्रत्येक वडामा प्रयोगमा ल्याएको छ । सफ्वेयरमा देखिएको प्रत्येक वडा अनुसारको राजश्व गाउँपालिकाको संचित कोषमा दाखिला गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा आ.व.२०७८।७८ को प्रत्येक वडाले उठाएको राजश्वको वार्षिक विवरण सफ्टवेयरमा हेर्दा वडाले दाखिला गरेको रकम निम्नानुसार फरक भएको देखिएको छ । पालिकाले संचित कोषमा दाखिला गरेको विवरण र सफ्टवयेर बाट प्राप्त भएको रकम निम्नानुसार फरक देखिएकोले कम दाखिला पालिकाले एकिन गर्नुपर्ने रु. | ७२९,६३५ |

| सि.नं. | ठेकेदारको नाम | आय ठेक्काको नाम | गत बर्ष सम्मको बाँकी | यस बर्ष असूली | बाँकी रकम | यो बर्ष सम्मको बाँकी | १०% जरिवाना |
|---|---|---|---|---|---|---|---|
| १ | सलामत अली मुकेरी | मटेहिया घाट उत्राही ठेक्का | ९९७१२२ | ० | ९९७१२२ | ९९७१२२ | ९९७१२ |

| वडा न. | वडा सचिवको नाम | दाखिला रु | सफ्टवेयर अनुसार | फरक |
|---|---|---|---|---|
| 1 | लक्ष्मिकान्त मिश्रा | 414021.84 | 518733.78 | 104711.94 |
| 2 | मसुद अहमद साह | 355071.34 | 461494.32 | 106422.98 |
| 3 | लक्ष्मीकान्त मिश्रा | 386362.00 | 521905.14 | 135543.14 |
| 4 | सुजाता चौधरी | 409598.99 | 481480.8 | 71881.81 |
| 5 | भरत महतो | 495421.14 | 682196.71 | 186775.57 |
| 6 | जिवन लाल यादव | 399087.00 | 523386.57 | 124299.57 |
| जम्मा | | 2459562.31 | 3189197.32 | 729635.01 |

| | | | | |
|---|---|---|---|---|
| १२ | | | **शिक्षा** | |
| १२.१ | | | **शिक्षक दरवन्दी** –पालिकाले शिक्षा नियमावली अनुसार शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ । कार्यालयले जिल्ला शिक्षा तथा समन्वय इकाइले उपलब्ध गराएको विवरण अनुसार प्रा.वि., नि.मा.वि.,र मा.बि. कास्थायी, अस्थायी र राहात दरवन्दी शिक्षक, विद्यार्थी संख्या र भौतिक पूर्वाधारलाई यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अतः यसरी दरवन्दी मिलान वेगर पालिकाले गरेको शिक्षक तलब निकासा वास्तविक छ भनी आश्वस्त हुन सकिएन। | |
| १२.२ | | | **विद्यालयगत निकासा खाताः** कार्यालयले विद्यालयलाई दिएको चौमासिक निकासाको विद्यालयगत निकासा अभिलेख खाता राखेको हुनु पर्दछ । कार्यालयले विद्यालयगतलाई दिएको निकासाको विद्यखलयगत निकासा अभिलेख खाता राखेको देखिएन । यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ । अतः विद्यालयगत निकासा खाता राखि दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ । | |
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२.३ | | | **सामुदायीक विधालयको गुणस्तर**-स्थानीय सरकार सञ्चालन ऐन,2074 को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वयन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । गाउँपालिकाले आ. व. २०७७।७८ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । गाउँपालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| १२.४ | | | **छात्रवृत्तिः**- सामुदायिक विद्यालयका आधारभुत तथा माध्यामिक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि दिइने विपन्न लक्षित र सिमान्तकृत लगायतका छात्रवृत्ती समयमा निकाशा माग नगरेकोले विद्यालयहरु मार्फत विद्यार्थीमा वितरण हुन सकेको छैन ।यसरी प्रदान गरेको रकमको सम्वन्धमा अनुदान प्राप्त विद्यालय व्यवस्थापन समितिले स्थानीय तहको निर्देशन एवम् आधारहरुलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावक संघ समेतको सहभागितमा विद्यालयमा उपलव्ध अनुदान (छात्रवृत्ति) मध्येबाट विद्यालय व्यवस्थापन समितिले थप आधारहरु तय गरी छात्रवृत्ति पाउने छात्रछात्राहरुको नामावली सहितको विवरण अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। यस किसिमको छात्रवृति शैक्षिक सत्र २०७७ मा भर्ना भएका विद्यार्थीहरुले मात्र पाउने व्यवस्था छ। पालिकाले अभिलेख अद्यावधिक गरेको छैन। छात्रवृत्ती वितरण गरीएका विद्यार्थीको नामावली र वितरणको भरपाई अनुसार कार्यालयले विभिन्न भौचर बाट रु.१९७९२००।००अनुदान उपलव्ध गराएको छ। उक्त रकम के कति दलित, अपाङ्ग, छात्रा र छात्रलाई उपलव्ध गराएको हो एकिन गर्न सकिएन। छात्रवृत्ती वितरणको अनुगमन गरी प्रगति प्रतिवेदन पेश नभएकोले निर्देशिकाले तोकेको मापदण्ड पुगेका विद्यार्थिहरुले मात्र छात्रवृत्ती प्राप्त गरेका छन भन्न सक्ने आधार नभएको रु | १,९७९,२०० |
| १२.५ | | | **नीजिश्रोतका शिक्षकको तलब भत्ता**– अन्तरसरकारी वित्तव्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ।साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७७ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ।तर पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गतविगत देखिनै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई रु ११३९९९९९।४६ भुक्तानी गरेको देखियो।यस सम्बन्धमा गत वर्षसमेत औंल्याइएको मा त्यसतर्फ सुधार नगरी पुनराबृत्ति हुनु उचित होइन। अतःयसमा सुधार गरी नुपर्दछ। | |
| १२.६ | | | **अनुदानको अनुगमन** - कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ।पालिकाले पाठ्यपुस्तकमा ३४१६०००।००अनुदान विद्यालयहरुमा पठाएको छ । विद्यालयहरुले प्राप्त गरेको अनुदान रकमको कार्य प्रगति विवरण तथा लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन ।अनुदानको अनुगमन र लेखापरीक्षण प्रतिवेदन संलग्न नहुँदा तोकिएको शीर्षकमा खर्च भयो भएन यकिन गर्न सकिएन । तसर्थ अनुगमन प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्ने देखिएको छ । | |
| १३ | | | **कोभिड व्यवस्थापन तर्फ** | |
| १३.१ | | | **जोखिम आंकलन र पूर्व तयारी**- कार्यालयले कोभिड महामारी नियन्त्रणका लागि, आकलन गरी पूर्व तयारी र महामारी पछि नियन्त्रण तथा रोकथामका लागि कार्ययोजना बनाएको हुनुपर्दछ । कार्यालयले स्वास्थ्य शाखा प्रमुखको संयोज्वकत्वमा क्वारेन्टीन संचालक समिति, अध्यक्षको संयोजकत्वमा गाउँस्तरीय क्वारेन्टीन समिति तथा गाउँस्तरीय सी सी एम सी सी उल्लेख गरेको भएतापनि कोभिड महामारीबाट हुने जोखिम आंकलनका लागि तथा महामारी पछि नियन्त्रण र रोकथामका लागि कार्ययोजना बनाएको देखिएन । | |
| १३.२ | | | **आम्दानी र खर्चको विवरणः** कोभिड-१९ रोकथाम तथा नियन्त्रणको खर्च र आम्दानी व्यवस्थापनको लागि कार्यालयले प्रकोप व्यवस्थापन कोषको स्थापना गरी २०७4 असार मसान्तसम्मको आम्दानी र खर्चको विवरण पेश गरेको छ ।कार्यालयले उपलव्ध गराएको विवरण निम्नानुसार रहेको छ । | |

| बजेट/आम्दानीको स्रोत | २०७८ असार मसान्तसम्म प्राप्त रकम | खर्च शीर्षक | २०७८ असार मसान्तसम्म खर्च रकम |
|---|---|---|---|
| गत वर्षको मौज्दात | **१२८२०१५** | | |
| संघीय सञ्चित कोषबाट | **१००००००** | राहात वितरण | ०.०० |
| प्रदेश सञ्चित कोषबाट | | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | ०.०० |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | १८४९८०० | आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन | २००००० |
| संघीय कोभिड कोषबाट | | जनशक्ति परिचालन | ०.०० |
| प्रदेश कोभिड कोषबाट | | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | २०३५३१९ |
| अन्य स्रोतबाट प्राप्त | | स्वास्थ्य पूर्वाधार निर्माण | ०.०० |
| | | अन्य शीर्षकमा भएको खर्च | ०.०० |
| | | बाँकी | ९६४९६ |
| जम्मा | **४१३१८१५** | जम्मा | **४१३१८१५** |

| | | | | |
|---|---|---|---|---|
| १३.३ | | | **आशंकित व्यक्तिहरुकोनिगरानी, स्वास्थ्य परीक्षण,केश इन्भेष्टिगेशन एण्ड कन्ट्याक्ट ट्रेसिङः**-कोभिड-१९ को जोखिम रहेका आसंकित व्यक्तिहरुको निगरानी, स्वास्थ्य परीक्षण, केश इन्भेष्टिगेशन एण्ड कन्ट्याक्ट ट्रेसिङ्गको कार्य प्रभावकारी रुपमा भएको हुनुपर्दछ । कार्यालयका स्वास्थ्य शाखा प्रमुखका अनुसार कार्यालयले टिम गठन गरेको र संक्रमितहरुको सम्पर्कमा रहेकाहरुलाई कन्टयाक्ट ट्रेसिङ गरी ल्याउने र सिमा नाका तथा जिल्ला प्रशासन कार्यालयबाट तोकिएका संकास्पद व्यक्तिहरुलाई क्वारेन्टीनमा राखि शुरुमा RDT परिक्षण गरि PCR गर्ने गरेकोमा पछि नेपाल सरकारको निर्देशन अनुसार सबै गरेको भनाई रह्यो । आसंकितहरुको स्वाब संकलन गरि शुरुमा काठमाण्डौँ पठाउने गरेकोमा पछि प्रदेशस्तरमा प्रयोगशाला स्थापना भए पश्चात प्रदेशमा परिक्षण गर्ने गरेका पाइयो।<br>**राहत वितरण र खरिद प्रक्रिया**- पालिकाले यस बर्ष राहात वितरणको सामाग्री नगरेको विवरण पेश गरेको छ । | |
| १३.४ | | | **क्वारेन्टाईन र आइसोलेसन व्यवस्थापन**- कार्यालयले कोभिड १९ को जोखिमयुक्त नागरिकको व्यवस्थापनको लागि क्वारेन्टिन तथा आइसोलेशन संचालन गर्ने मापदण्ड बनाएको हुनु पर्दछ । पालिकाले यो बर्ष क्वारेन्टाईन र आईसोलेसन स्थापना नगरी होम आईसोलेसनलाई जोड दिएको छ । | |
| १३.५ | | | **समन्वय,अनुगमन व्यवस्था र प्रतिवेदन प्रणाली**-कार्यालयले आसंकित व्यक्तिहरुको नियमन तथा समन्वय गर्न नगर प्रमुख तथा स्वास्थ्य संयोजकले अनुगमन र नियमन तथा समन्वय गर्ने गरेको जानकारी गराएतापनि CMC तथा Cove Team को कार्यसम्पादनको प्रतिवेदन तयार गर्ने गरेको देखिएन । नगरपिलकाल कोभीड सम्बन्धी तथ्यांक स्वास्थ्य कार्यालयमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | पठाउने गरेकोमा Online System चालु भएपछि स्वास्थ्य मन्त्रालयमा अनलाइन प्रणाली मार्फत पठाउने गरेको पाइयो सुरक्षाकर्मीहरु,स्वास्थ्यकर्मी, प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना समेतको व्यवस्था रहेको बुझियो । | |
| १३.६ | | | **औषधी स्वास्थ्य सामग्री एवं उपकरण प्राप्ति-** कार्यालयले कोभिड-19 को व्यवस्थापन तथा नियन्त्रणका लागि निम्नानुसारको औषधितथा स्वास्थ्य सामग्री खरिद गरि प्रयोग गरेको विवरण कार्यालयले उपलव्ध गराएको छ । | |

| क्रस | खरिद विवरण | आपूर्तिकर्ताको नाम | सम्झौता रकम | आपूर्ति भएको सामानको मुल्य | खरिद विधि |
|---|---|---|---|---|---|
| १ | औषधीजन्य सामाग्री | मुस्कान अर्डर एण्ड सप्लायर्स | ४१७८७ | ४१७८७ | सोझै |
| २ | औषधीजन्य सामाग्री | युनाईटेड ड्रग्स सेन्टर प्रा. लि. | ३५६१३७ | ३५६१३७ | सोझै |
| ३ | औषधीजन्य सामाग्री | डायमण्ड स्टेशनरी एण्ड सप्लार्यस | ५८०१६ | ५८०१६ | सोझै |
| ४ | औषधीजन्य सामाग्री | आकान्क्षी जनरल स्टोर्स | १६७४५ | १६७४५ | सोझै |
| ५ | औषधीजन्य सामाग्री | जय बागेश्वरी आयरन मर्चेन्ट | १६७४५ | १६७४५ | सोझै |
| ६ | औषधीजन्य सामाग्री | मा जगदम्बा स्टोर | ४५८९ | ४५८९ | सोझै |
| ७ | औषधीजन्य सामाग्री | शिवाज मेडिसिन कन्सर्न | १९५३२ | १९५३२ | सोझै |
| ८ | औषधीजन्य सामाग्री | साहिल फेन्सी स्टोर | ३९४० | ३९४० | सोझै |
| ९ | औषधीजन्य सामाग्री | सोफिया सिरक पसल | १९५०३ | १९५०३ | सोझै |
| १० | खानपिन | जगतराम यादव | ७८४३८६ | ७८४३८६ | सोझै |

| | | | | |
|---|---|---|---|---|
| १४ | | | **खरिद र उपभोक्ता** | |
| १४.१ | विभिन्न | | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| १४.२ | | | **नापी किताबः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले मेजरमेन्ट | |

बुकलाई लुज सिटको रुपमा तयार गरी रकम भुक्तानी गरिने विलमा संलग्न राख्ने गरेकोले दोश्रो तथा सो भन्दा पछाडीको रनिङ विल भुक्तानीमा नापी किताब अनुसारको खर्च, कट्टी र खुद भुक्तानी रकम भिडान गर्न सकिने अवस्था रहेन । यसबाट अघिल्लो रनिङ विलको भुक्तानी कटाउन छुट हुन गई दोहोरो भुक्तानी हुन सक्ने जोखिम रहेको छ । अतः दुई वा दुई भन्दा बढी रनिङ विल हुने निर्माण कार्यको रनिङ विलको अनिवार्य रुपमा नापी किताब (Measurement Book_)नै तयार गराई निर्माण कार्यको नापजाँचलाई दुरुस्त र प्रभावकारी बनाइनु पर्दछ ।

१४.३ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** – पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका वाट पूँजीगत शीर्षकबाट तलव भुक्तानी दिएको अनियमित देखिएको रु ३४७,३२५

| भौ न | भुक्तानी पाउने | प्रयोजन | रकम |
|---|---|---|---|
| १७२ | ५ जना कर्मचारी | तलव | २४०००० |
| १७५ | ५ जना कर्मचारी | तलव | ४९५०० |
| २०७ | ५ जना कर्मचारी | तलव | ५७८२५ |
| | जम्मा | | ३४७३२५ |

१४.४ **लागत सहभागिता** — पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

१४.५ **जटिलसंरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| | | | | |
|---|---|---|---|---|
| | | | | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १९२ | वडा न २ सामुदायिक भवन उ स | भवन | ४०००００ |
| १९८ | मंजलको घर वाटो पि सि सि उ स | पि सि सि | १३४७७४९ |
| २४७ | गोसिया मस्जिद नि उ स | भवन | ८६७९२२ |
| २४५ | सुईया गाउ पि सि सि उ स | पि सि सि | ६८६४१० |
| २९७ | भगवानपुर ईलाका प्रहरी गेट नि उ स | गेट निर्माण | ८९३६४७ |
| ३१४ | खोदवा गाँउ माटो पटान उ स | पि सि सि | ६६१३१९ |
| | जम्मा | | ४८५७०४७ |

| | | | | |
|---|---|---|---|---|
| १४.६ | विभिन्न | | **सोझै खरिद**– सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोभैm खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोभैm खरिद गर्न नहुने उल्लेख छ । नमुना छनौट गरि परीक्षण गरिएका निम्न खरिद कार्यमा पालिकाले प्रतिस्पर्धात्मक विधि नअपनाइ लागत अनुमानकै हाराहारीमा निम्नानुसार रु. को सोझै खरिद गरेको रु | ५,८००,८८९ |

| भो न | सप्लार्यस | सामाग्री | भुक्तानी रकम |
|---|---|---|---|
| ४।७७।५।२३ | निशान कम्प्यूटर | फ्यान पावर बैक | २६४६१४ |
| ६।७७।५।२३ | पप लाईफ | डेल कमप्यूटर प्रिन्टर लगायत | ४८७४९९ |
| ३०।७७।७।२३ | जे आर कम्प्यूटर | सि सि टि भी | ३२१७७० |
| १२१।७७।१२।२० | निशान कम्प्यूटर | टोनर चार्जर तार मर्मत | ४८५२९५ |
| | आउटलुक सप्लार्यस | टोनर चार्जर मर्मत | ५००७८७ |
| | सुर्योदय पावर | सोलार | ४९४४१४ |
| १६८।७८।१।२ | नेक्टेजन कम्प्यूटर २ पटक | तार कार्टिज | ५२५८२७ |
| | निशान कम्प्यूटर | ल्याप्टप चार्जर बोर्ड लगायत | १६८९०२ |
| १९३।७८।३।२९ | पप लाईफ | डेल डेक्स्टप | ९९७७९ |
| | | | ४०२६७७१ |
| ३०७। | जे वि सन्स | हेण्ड पम्प ३० सेट | ४९९०४६ |
| २६९ | जे वि सप्लार्यस | हेण्ड पम्प ५० सेट | ४९२११५ |
| २७३ | जे वि सप्लार्यस | हेण्ड पम्प ५० सेट | ४९२११५ |
| ११० | जय माता ट्रेड्रस | हेण्ड पम्प ४८ सेट | ४८४३६३ |
| ६५।७७।९।२९ | जय एकता ट्रेड्रस | हेण्ड पम्प ४८ सेट | ४८४३६३ |
| | | | २४५२००२ |
| | | जम्मा | ५८००८८९ |

| | | | | |
|---|---|---|---|---|
| १५ | | | **प्राविधिक नापजाँच र परामर्श** | |
| १५.१ | | | **सम्झौता भन्दा बढी भुक्तानी** सार्वजनिक खरिद नियमावली २०६४ अनुसार भुक्तानी दिदा सम्झौताको दर रेट भन्दा बढी दरवाट भुक्तानी गर्न नहुनेमा पालिकाले जय किशान बिद्यालय कोटेशन मार्फत निर्माण कार्य गराउदा निर्माण व्यवसायी बि एम बिल्ड्रसलाई निम्न अनुसार सम्झौता भन्दा बढी भुक्तानी दिएको पाईएकाले बढि भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु | ३,०५७ |

| आईटम | हुनु पर्ने दर | भुक्तानी दर | बढी दर | परीमाण | रकम |
|---|---|---|---|---|---|
| ३ ग्रिल कार्य | ४००० | ४१८६ | १८६ | १४।५७ | २७१० |
| ५ जि आई कार्य | ७७०० | ७८३९ | १३९ | २।५ | ३४७ |
| | | | | | ३०५७ |

१५.२

**नापजाँच** सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को नियम १२३ ख अनुसार सार्वजनिक निर्माण कार्यको प्राविधिक नापजाँच पश्चात वास्तविक कार्यसम्पन्न परिमाणको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकावाट निम्न कार्यका लागी नापजाँच नगरी आर सि सि ढलानको निश्चित प्रतिशतका आधारमा परिमाण गणना गरी फलामे डण्डी परिमाण वापत रु २२९११२ भुक्तानी भएकोले बास्तविक नापजाँच बेगर भुक्तानी दिने कार्यमा सुधार गरी नापजाँच परीमाण खुल्ने नापी किताव पेश हुनु पर्ने रु

| | कार्य | भुक्तानी पाउने | परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| ६२।७७।९।२८ | मस्जिद निर्माण | उपभोक्ता समिति | १०८५।६४ | १०५ | ११४०६७ |
| ७६।७७।१०।१९ | प्रतिक्षालय | सैयद गाजी नि से | ८५८।५५ | १३४ | ११५०४५ |
| | | | | | २२९११२ |

२२९,११२

१५.३

परामर्श सेवा – बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ ।यसै गरी कार्यालयमा उपलब्ध जनशक्ती मार्फत हुन नसक्ने कार्य मात्र परामर्शवाट कार्य गराउनु पर्दछ । लेखापरीक्षण नमुना छनौट गरिएकोमा यस स्थानीय तहले यो बर्ष कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| गो भौ न | कार्य | परामर्श दाता | रकम |
|---|---|---|---|
| | बर्फानी फिजिविलिटी अध्ययन | रुप ईन्जिनरिङ्ग | ४९७२०० |
| १६५ | गोशाला IEE | ए एण्ड ए कन्सल्टेन्सी | ४९७२०० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

१५.४

**पूर्व निर्धारित क्षतिपूर्तिः** सार्वजनिक खरिद नियमावली २०६४को नियम १२० अनुसार सप्लार्यसकाकारणबाट काममा ढिलाइ भइ म्याद थप गर्दा प्रति दिन ०।०५ प्रतिशतका दरले भ्याट बाहेकको ठेक्का अंकमा बढीमा १०% सम्म पूर्व निर्धारित क्षतिपूर्ति व्यवस्था भएकोमा निम्न कार्यहरुमा सम्झौताको अवधि पछी कार्य सम्पन्न भएकोमा पालिकाले यस्तो

८,१४३

| | | | | |
|---|---|---|---|---|
| | | | क्षतिपुर्ति असुल गरेको छैन । परामर्श सेवाको ढिलो कार्य सम्पन्न भएवाट उक्त निर्माण कार्यको ठेक्का व्यवस्थापन मा असर परेको देखिन्छ । अत उपयुक्त कारण बेगर ढिलो कार्य सम्पन्न गर्ने परामर्श दाता सँग निम्न बमोजिम पुर्व निर्धारीत क्षतिपुर्ति असुल गर्नु पर्ने रु | |

| कार्य | परामर्शदाता | सम्झौता | कार्यसम्पन्न गनु पर्ने मिती | गरेको मिति | ढिलो दिन | प्रतिदिन हजना | हर्जना रकम |
|---|---|---|---|---|---|---|---|
| प्रशासनिक भवन डि पि आर | एसिअल्ट डिजाईन | ९९५२८० | २०७७।८।७ | २०७७।८।१५ | ८ | ४४० | ३५२३ |
| आन्तरिक नियन्त्रण कार्यविधि | ए एण्ड ए कन्सल्टेन्सी | ४९७२०० | २०७७।११।१५ | २०७७।१२।६ | २१ | २२० | ४६२० |
| | | | | | | | ८१४३ |

| | | | | |
|---|---|---|---|---|
| १६ | | | **कानुन निर्माण तथा सेवा प्रवाह** | |
| १६.१ | | | **कानुन निर्माण- पालिकाले यस** अवधिमा निम्नानुसारका कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । | |

| कानूननिर्माण | सभाबाटस्वीकृतमिति। | राजपत्रमाप्रकाशितमिति |
|---|---|---|
| ऐनसम्बन्धिविवरण | | |
| बजेट, नीति तथा कार्यक्रम, २०७७ | २०७७/०३/१० | २०७७/०४/०१ |
| विनियोजन ऐन, २०७७ | २०७७/०३/३१ | २०७७/०४/०१ |
| नरैनापुर गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ | २०७७/०६/०९ | २०७७/०६/१२ |
| सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि,२०७७ | २०७७/०६/०९ | २०७७/०६/१२ |
| सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन सम्बन्धी कार्यविधि,२०७७ | २०७७/०६/०९ | २०७७/०६/१२ |

| | | | | |
|---|---|---|---|---|
| १६.२ | | | **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार 1 वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १ | १ |
| **पञ्जिकरणतर्फ** | | |
| जन्मदर्ता | १२१३ | १२१३ |
| मृत्युदर्ता | ३५५ | ३५५ |
| बसाईसराई दर्ता | २० | २० |
| विवाह दर्ता | २४५ | २४५ |
| सम्बन्धविच्छेद दर्ता | ० | ० |
| पूर्वाधार विकास सडक निर्माण | ० | ० |
| कालोपत्रे सडक निर्माण | ० | ० |
| कालोपत्रे सडक मर्मत | ० | ० |
| ग्राभेल सडक निर्माण | १० | ० |
| ग्राभेल सडक मर्मत | ५ | ० |

| | | | | |
|---|---|---|---|---|
| १६.३ | | | **न्यायीक समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी 36 र यो बर्ष थप भएको 16 गरी कुल 52 विवाद दर्ता भएकोमा 27 वटा मात्र फछ्र्यौट भई 25 बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १६.४ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| १७ | | | **गैर सरकारी संस्थाबाट कार्य –**<br>**गैर सरकारी संस्थाबाट कार्य –** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ मा भएको व्यवस्था बमोजिम जनचेतना सम्बन्धी तालिम,अभिमुखिकरण,सवलीकरण मुल प्रवाहिकरण जस्ता कार्य गैरसरकारी संस्था बाट गराउन सक्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ मा त्यस्तो कार्य १० लाख रुपैया सम्मको हुनुपर्ने र उक्त संस्था कानूनवमोजिम दर्ता भै सम्बन्धित सार्वजनिक निकायको मौजुदा सुचिमा समावेश भै नियमानुसार छनौट हुनुपर्ने व्यवस्था छ । पालीकाले यसवर्ष बागेश्वरी असल शासन क्लब (बास) लाई नागरीक सहायता कक्षा (Help Desk)संचालनका लागि रु.500000।- भुक्तानी दिएको छ । उक्त संस्थाले सम्झौता अनुसार कार्य प्रगती पेश गरेको नदेखिएको साथै कार्यालयले सो को प्रगती मुल्याङ्कन गरेको छैन । कार्यालयमा आउने सेवाग्राहिलाई समन्वय र सहजीकरण गर्ने कार्य कार्यालयको नियमित जनशक्तिबाट सम्पादन हुनुपर्नेमा यस प्रकृतीको कार्य गैरसरकारी संस्था मार्फत गराईनु उचित नदेखिएकोले नियन्त्रण हुनुपर्ने रु. | ५००,००० |
| १८ | | | **पेश्की व्यवस्थापन**<br>**पेश्की**- आर्थिक कार्यविधि तथा नियमावली,2077 को नियम ४७ (4) अनुसार पेश्की वा व्यक्ति वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिन भित्र आफुले सम्पन्न गरेको कामको सम्वन्धमा खर्च प्रमाणित गर्ने आवश्यक विल भरपाई र कागजात सहितको प्रतिवेदनको आधारमा पेश्की फछ्र्यौट गर्नुपर्ने उल्लेख छ ।कार्यालयले पेश गरेको विवरण अनुसार निम्नानुसारको पेशी फछ्र्यौट गर्नुपर्ने रु. | ३,०८८,१६१ |

| सि.नं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | खर्च उपशिर्षक | चालुआ. व. | | | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | म्यादननाघेको | | म्यादनाघेको | म्यादननाघेको | म्यादनाघेको | जम्मा |
| | | | | | | | रकम | फछ्र्यौटकोअन्तिम म्याद | | | | |
| | पदाधिकारी | | | | | | | | | | | |
| 1 | २०७७/१०/०६ | ३६० | पानीतथा बिजुली ( मिटर जडान तथा वाइरिंग समेत ) | मोल्हेबेहना शेष | वडाअध्यक्ष | २२१११ | ५,००० | २०७७/११/११ | ० | ५,००० | ० | ५,००० |
| 2 | २०७७/१२/०६ | २९ | पालिकास्तरीय बृहत खेलकुद आयोजना/खेलकुद सामाग्री व्यवस्थापन/प्रतिभा पहिचान तथासम्मान कार्यक्रम/क्रिकेट/ फुटबल टिम निर्माण तथा सहयोग | राजकुमार मौर्य | वडाअध्यक्ष | २२५२२ | ४०,००० | २०७८/०१/१० | ० | ४०,००० | ० | ४०,००० |
| जम्मा | | | | | | | ४५,००० | | ० | ४५,००० | ० | ४५,००० |
| २ | कर्मचारी | | | | | | | | | | | |
| 1 | २०७८/०२/२६ | १९७ | कुष्ठरोगकोविरामी, परिवार तथा छिमेकीको सम्पर्क परिक्षण तथा LPEP सेवाको विस्तार | नागेन्द्रकुमार साह | | २२६११ | ९९,३०० | २०७८/०३/३० | ० | ९९,३०० | ० | ९९,३०० |
| 2 | २०७८/०२/२६ | १९७ | स्थानीयतह भित्रका स्वास्थ्यकर्मीहरु,म.स्वा.स्वय.से. का लागि आधारभूत तथा आकस्मिक सेवाअन्तर्गत आँखा, नाक, कान, घाटी तथा मुखस्वास्थ्य सम्वन्धि प्राथमिक उपचार बारे अभिमुखिकरण / तालिम | नागेन्द्रकुमार साह | | २५३१२ | ७०,००० | २०७८/०३/३० | ० | ७०,००० | ० | ७०,००० |
| ३ | २०७८/०३/२५ | ३३२ | १)समाजमा रहेका कुरीति, कुप्रथा, लैङ्गिक हिंसा, मानव | कृष्णाकुमारी चन्द | महिलाविकास निरीक्षक | २७२१९ | ० | २०७८/०४/२९ | १,००,००० | ० | १,००,००० | १,००,००० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वेचविखन तथा ओसारपसारविरुद्ध सचेतनामूलक कार्यक्रम तथा अभियान संचालन २) महिला विकास कार्यक्रमद्धारा प्रर्वदित महिलासहकारी संस्थाहरुको सुदृढीकरण एवं स्थानीय तहको महिला उद्यमी संजाल स्थापनाको लागि सहजीक | | | | | | | | | |
| ४ | २०७८/०३/२५ | ३३२ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्य क्षेत्र (महिला, बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक तथा यौनिक तथा लैंगिक अल्पसंख्यक) कातथ्यांक संकलन तथा अद्यावधिक गरि महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रालयमा पठाउनका लागि | कृष्णाकुमारी चन्द | महिलाविकास निरीक्षक | २२७११ | ० | २०७८/०४/२९ | १,००,००० | ० | १,००,००० | १,००,००० |
| ५ | २०७८/०३/२५ | ३३२ | स्थानीयतहको लैगिक हिंसा निवारण कोषमा रकम | कृष्णाकुमारी चन्द | महिलाविकास निरीक्षक | २६३१२ | ० | २०७८/०४/२९ | १,००,००० | ० | १,००,००० | १,००,००० |
| जम्मा | | | | | | | १,६९,३०० | | ३,००,००० | १,६९,३०० | ३,००,००० | ४,६९,३०० |
| ४ | संस्थागत | | | | | | | | | | | |
| ५ | २०७७/०८/१२ | २२० | बिभिन्दिवस तथा समारोह मनाउने | श्रीराष्ट्रिय मधेशी अपाङ्ग महासँघ नेपाल | अध्यक्ष | २२७११ | ५०,००० | २०७७/०९/१७ | ० | ५०,००० | ० | ५०,००० |
| ६ | २०७७/१२/०५ | ११५ | अद्यक्षकोसिफारिसमा कार्यनावयाँ हुने योजना/आयोजना/तथा कार्यक्रम | तरा◌ंइदलित विकास मच | अध्यक्ष | ३११५९ | २०,००० | २०७८/०१/०९ | ० | २०,००० | ० | २०,००० |
| ७ | २०७७/१२/२२ | १५५ | तालिम | हाइवेपोष्ट | | २११११ | ८९,१०० | २०७८/०१/२६ | ० | ८९,१०० | ० | ८९,१०० |


https://nams.oag.gov.np

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | राष्ट्रिय दैनिक | | | | | | | | |
| ९ | २०७८/०२/१६ | १८८ | रोसंपुर्वागाउमा इट्टा सोइलिंग वडा न २ | रोशंपुर्वागाउमा इट्टा सोलिंइं निर्माण उपभोक्ता समिति | | ३११५१ | २,००,००० | २०७८/०३/२० | ० | २,००,००० | ० | २,००,००० |
| १० | २०७८/०२/३० | २१४ | म्याचींइंफन्ड(समपुरक,साझेदारी कार्यक्रम) | जयकिसान मा.वि.भोजपूर बाँके | | ३११५९ | ० | २०७८/०४/०३ | ५,००,००० | ० | ५,००,००० | ५,००,००० |
| ११ | २०७८/०३/०७ | ४८ | पालिकास्तरीय परिक्षा संचालन( कक्षा ८ समेत) | जयकिसान मा.वि.भोजपूर बाँके | | २२५२२ | ० | २०७८/०४/११ | १३,५०० | ० | १३,५०० | १३,५०० |
| १२ | २०७८/०३/२० | ५३ | प्रथामिकस्वास्थ केन्द्र लक्ष्मनपुर(PHC)एम्बुलेन्स तथा अन्य सामाग्री खरिद | सिर्याइन्टरोयर इन्टसट्रिस प्रा.ली. | | २६३१२ | ० | २०७८/०४/२४ | १,०८,१९० | ० | १,०८,१९० | १,०८,१९० |
| १३ | २०७८/०३/२० | ५४ | प्रथामिकस्वास्थ केन्द्र लक्ष्मनपुर(PHC)एम्बुलेन्स तथा अन्य सामाग्री खरिद | सिर्याइन्टरोयर इन्टसट्रिस प्रा.ली. | | २६३१२ | ० | २०७८/०४/२४ | ९,७३,०७१ | ० | ९,७३,०७१ | ९,७३,०७१ |
| जम्मा | | | | | | | ३,५९,१०० | | १५,९४,७६१ | ३,५९,१०० | १५,९४,७६१ | 1953861 |
| ५ | उपभोक्ता समिति | | | | | | | | | | | |
| १ | २०७७/१२/२२ | १३३ | बालापुरमदर्शा निर्माण वडा न ३ | मदरसारुउफुल उलूम गुलशने कादरिया अहले सुन्तन | | ३११५९ | २,००,००० | २०७८/०१/२६ | ० | २,००,००० | | २,००,००० |
| २ | २०७८/०२/२६ | २०९ | बानियागाउमा मदर्शा निर्माण वडा न १ | बानियागाउमा मदर्शा निर्माण उपभोक्ता समिति | | ३११५९ | २,४०,००० | २०७८/०३/३० | ० | २,४०,००० | ० | २,४०,००० |
| 3 | २०७८/०३/०१ | २१८ | अन्यसार्वाजनिक निर्माण वडा न | तपसीबाबा | | ३११५९ | ० | २०७८/०४/०५ | ४०,००० | ० | ४०,००० | ४०,००० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ५ | मन्दिर मर्मत निर्माण उपभोक्ता समिति | | | | | | | | |
| 4 | २०७८/०३/०७ | २२९ | कालागाउमा हनिमान मन्दिर निर्माण | कालागाउमा हनिमान मन्दिर निर्माण उपभोक्ता समिति | | ३११५९ | ० | २०७८/०४/११ | ४०,००० | ० | ४०,००० | ४०,००० |
| 5 | २०७८/०३/१० | २३६ | अन्यसार्वाजनिक निर्माण वडा न ५ | जगनाथीमन्दिर निर्माण उपभोक्ता समिति | | ३११५९ | ० | २०७८/०४/१४ | ४०,००० | ० | ४०,००० | ४०,००० |
| जम्मा | | | | | | | ४,४०,००० | | १२०,००० | ४,४०,००० | 120000 | 5,60,000 |
| | व्यक्तिगत | | | | | | | | | | | |
| 1 | २०७७/०९/१३ | ४ | मुख्यमन्त्रीग्रामिण बिकास तथा रोजगार कार्यक्रम | गम्भीरनाथ योगी | | २६३१२ | ६०,००० | २०७७/१०/१९ | ० | ६०,००० | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| जम्मा | | | | | | | ६०,००० | | ६०००० | ६०००० | ६०००० | ६०००० |
| कुलजम्मा | | | | | | | | | | | | ३०८८१६१ |

**मोविलाईजेसन पेश्की**-पालिकामा निम्नानुसारको मोविलाईजेशन पेश्कि बाँकी रहेकोले समयमै काम सम्पन्न गरी कार्यालयले फर्छौट गर्न ध्यान दिनुपर्दछ ।

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **ठेकेदार** | | | | | | | | | | | |
| १ | २०७७/१२/२२ | १३७ | गाउपालिकाभवन निर्माण | महालक्ष्मी। जुगल जे.भि. | | ३११५९ | १,२०,००,००० | २०७८/०१/२६ | ० | १,२०,००,००० | ० | १,२०,००,००० |
| २ | २०७८/०२/१४ | १८४ | हुलाकीरोड रोसंपुर्वा हुदै भारतीय सिमा सम्म जाने बाटो निर्माण | जयदेवी एस एस निर्माण सेवा | | ३११५१ | २०,००,००० | २०७८/०३/१८ | ० | २०,००,००० | ० | २०,००,००० |
| ३ | २०७८/०३/०७ | २३५ | हुलाकीरोड रोसंपुर्वा हुदै भारतीय सिमा सम्म जाने बाटो निर्माण | जयदेवी एस एस निर्माण सेवा | | ३११५१ | ० | २०७८/०४/११ | २०,००,००० | ० | २०,००,००० | २०,००,००० |
| जम्मा | | | | | | | १,४०,००,००० | | २०,००,००० | १,४०,००,००० | २०,००,००० | १,६०,००,००० |

| | | | | |
|---|---|---|---|---|
| १९ | | | **करारका कर्मचारीको विवरण**<br>**कर्मचारी करार**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा 68 जना कर्मचारीहरु करारमा राखि रु13319112 खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा ११ जना करार नियुक्ति गरी बर्षभरीमा रु.२१२४२४० भुक्तानी गरेको अनियमित देखिएको रु | २,१२४,२४० |


https://nams.oag.gov.np

| क्र.सं. | नामथर | पद | कार्यरत स्थान | तलब\स्केल | बार्षिकतलब | |
|---|---|---|---|---|---|---|
| १ | प्रविनश्रेष्ठ | इन्जीनियर | गा.पा. | ३५,९९०.०० | ४३१,८८०.०० | |
| २ | सुभासखड्का | सवइन्जिनियर | गा.पा. | २८,२००.०० | ५६,४००.०० | |
| ३ | सगीरअहमद | अ.स.इ. | गा.पा. | २६,६१०.०० | ३१९,३२०.०० | |
| ५ | मुकदरअलि मुकेरी | स.क.अ. | गा.पा. | २६,६१०.०० | ३१९,३२०.०० | |
| ६ | आरिफखा | कम्प्युटरओपरेटर | १वडा | १६,०००.०० | १९२,०००.०० | |
| ७ | हरिबंशमौर्या | हेल्पडेक्स | वडा३ | १३,५००.०० | १६२,०००.०० | |
| ८ | बच्छराजविश्कर्मा | स.क.अपरेटर | वडा४ | १३,५००.०० | १६२,०००.०० | |
| ९ | गंगाराम मौर्य | हेल्पडेस्क | गाउँपालिका | १३,५००.०० | १६२,०००.०० | |
| ११ | कुलरत्नश्रीवास्तव | उजुरीप्रशासक | गाउँपालिका | २६,६१०.०० | ३१९,३२०.०० | |
| | | | | | २,१२४,२४०.०० | |

२०

**आन्तरीक लेखापरीक्षण बाट कायम बेरुजु**

**प्रमाण बेगर भूक्तानी**- गाउँपालिकाले कुनै पनि रकम भूक्तानी गर्दा कारोवार जनाउने स्पष्ट प्रमाणको आधारमा भूक्तानी दिनुपर्दछ ।खर्च गर्दा खर्चको विलभरपाई सहित लेखा राख्नुपर्दछ । देहायको कार्यक्रममा आवश्यक विल भरपाई प्रमाण पेश गर्नुपर्ने रु.

| भौ.न. | भूक्तानी लिनेको नाम | सामाग्री | रकम |
|---|---|---|---|
| 522 | डेवा सपिङ्ग सेन्टर | ८ थान व्याग | 19800.00 |
| 346 | होटेल द्रव्य कुटिर नेपालगंज | खाना | 73732.00 |
| 668 | सिरिस ग्राम्न्ट उद्योग | टिसर्ट खरीद | 49155.00 |
| 668 | सागर वुक्स हाउस | 90 थान टिसर्ट | 63000.00 |
| 870 | सागर वुक्स हाउस | रेनकोट 2 झोला 2 | 14000.00 |
| 854 | सागर वुक्स एण्ड स्ठेसनरी | लोक सेवा पुस्तक | 75400.00 |
| | | | 295087.00 |

२९५,०८७

| | | | | |
|---|---|---|---|---|
| २१ | | | **अनुदान,अनुगमन तथा बैंठक भत्ता** | |
| २१.१ | | | **अनुगमन भत्ता –** विभिन्न दयोजनाको अनुगमन भनि अधिकृत छैठौ विजय कुमार यादवलाई एकमुष्ठ रु.270000।– भूक्तानी दिएकोमा निजले कुन-कुन योजना कहिले र कुन मितिमा अनुगमन गरेकव हो खुल्ने प्रमाण संलग्न नरहेको साथै प्राविधिक कामको अनुगमन अप्राविधिक कर्मचारीबाट गराउदा प्रगति र उपलब्धिको मापन हुन नसक्ने हुँदा उक्त रकम सम्वन्धित कर्मचारीबाट असुल हुनुपर्ने रु. | २७०,००० |
| २१.२ | | | **गौशालालाई अनुदान**- गाउँपालिकाको उत्तमपूर गौशाला निर्माण तथा संरक्षण समिति र सन्त श्री नुरदास गौशाला व्यवस्थापन समितिलाई २ लाखका दरले जम्मा रु. 4 लाख अनुदान उपलव्ध गराएको देखिएकोले अनुदान रकमको उपयोग सम्वन्धमा पालिका द्वारा अनुगमन निरीक्षण हुनुपर्दछ । | |
| २१.३ | | | लुम्विनि प्रदेशको सार्वजनिक खर्वको मापदण्ड, कार्यविधि र मितव्यिता सम्वन्धी निर्देशिका, २०७५ १वैठक भत्ता सम्बन्धी मापदण्हरु निर्धारण गरको छ । एउटै निकाय र अन्तरगतका कर्मचारीहरु भएको वैठकमा वैठक भत्ता लिन नपाउने साथै कानुनी रुपमा गठन भएका समितिको वैठक भत्ता मात्र भूक्तानी गर्न मिल्ने व्यवस्था छ। पालिकाले निम्नानुसार विभिन्न वैठक भनि भूक्तानी भएको रकमको अतिरीक्त व्यय भार पर्न गएको रु. | १५०,००० |

| भौ.न.मिति | विवरण | जना | भूक्तानी रकम |
|---|---|---|---|
| 199 2077/07/02 | कर्मचारी वैंठक भत्ता | 4 | 150000 |

| | | | | |
|---|---|---|---|---|
| २२ | | | **खर्चमा मितव्यिता**<br>**खर्च मितव्यिता कायम गर्नु पर्ने**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमाआवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको देहाय बमोजिम पाईयो । | |

| विवरण | खर्च रकम |
|---|---|
| प्रोत्साहन खर्च | 101470 |
| अनुगमन तथा भ्रमण खर्च | 1140000 |
| मर्मत खर्च | 612779 |
| कर्मचारी बैठक भता | 599800 |
| पदाधिकारी बैठक भता | 11988017 |
| ईन्धन खर्च | 2084946 |
| बिविध खर्च | 10346233 |

<table>
<tr><td></td><td></td><td></td><td>प्रोत्साहन खर्चको मापदण्ड कार्यविधि तयार नगरी मितव्ययी तवरले खर्च गरेको छैन । विद्युतिय हाजिरी अभिलेख र सुचक बेगर प्रोत्सान खर्च लेखेको छ ।<br>भ्रमण अभिलेख नराखी तथा भ्रमणको स्पस्ट उदेश्य वेगर कतिपय पालिका क्षेत्र भित्रै भ्रमण तथा अनुगमन गरेको आधारमा भ्रमण खर्च लेखेको पाईयो ।<br>मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन ।<br>निश्चित उदेश्य सहित बिशेष परिस्थितिमा मात्र कानुन द्वारा गठित समितीको बैठकमा मात्र बैठक खर्च लेख्न पाईने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भता दिएको पाईयो ।<br>विविध खर्चको प्रयोजन नखुलेको आवस्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखी एउटै पार्टीवाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरि भुक्तानी गरेको पाईयो ।सवारीलग बुक बेगर ईन्धन खर्च गरेको पाईयो ।<br>यस्ता खर्चहरुमा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>मू.अ.कर र धरौटी तर्फ</td><td></td></tr>
<tr><td>२३.१</td><td></td><td></td><td>नन्फाईलर- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायको फर्मलाई मू.अ.कर रु.४७६८६समेत रु.७३३६४१भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो।कानूनी व्यवस्थाअनुसार विवरणनबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.र विजक नं.</th><th>भुक्तानी रकम</th><th>५० % मु.अ.कर रकम</th></tr>
<tr><td>६।१०७८-०१-०२</td><td>टेक वल्ड इन्टरप्राईजेज</td><td>६००५७६१७६<br>२०७</td><td>३०७१६१</td><td>१९९६५</td></tr>
<tr><td>२९।२०७८-०३-२४</td><td>नेपाल निर्माण सेवा</td><td>३००२२९९८९<br>००३</td><td>४२६४८०</td><td>२७७२१</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>७३३६४१</td><td>४७६८६</td></tr>
</table></td><td>४७,६८६</td></tr>
<tr><td>२३.२</td><td></td><td></td><td>भुक्तानीमा करकट्टी– आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.४६५१अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>करको दर</th><th>कर रकम</th></tr>
<tr><td>२।२०७७-०५-२७<br>मुख्यमन्त्री ग्रामिण विकास</td><td>अग्रिम आयकर</td><td>३०१००</td><td>१.५</td><td>४५१</td></tr>
<tr><td></td><td>वहाल कर</td><td>४२०००</td><td>१०</td><td>४२००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>४६५१</td></tr>
</table></td><td>४,६५१</td></tr>
<tr><td>२४</td><td></td><td></td><td>मू.अ.कर र धरौटी तर्फ</td><td></td></tr>
</table>

२४.१

**मूल्य अभिवृद्धि कर कट्टी –** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु.८४२०६कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ ।

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | बिजक नं. | भुक्तानी रकम | मुअकर रकम | ५० प्रतिशत |
|---|---|---|---|---|---|
| ३०।२०७८-०३-१४ | एलाईड प्याथोक्याम एण्ड सर्जिकल | १३५२,१३५३,१३५४ | ४२७००६ | ५५५१० | २७७५५ |
| ३२।२०७८-०३-१४ | शिखा सर्जिकल हाउस | २६ | ४५०००० | ५८५०० | २९२५० |
| ४४।२०७८-०३-१४ | सन्जाल स्टेशनरी एण्ड सप्लायर्स | ३२,३३,३४ | ४१८४९० | ५४४०३ | २७२०१ |
| | | | | जम्मा | ८४२०६ |

८४,२०६

२४.२

**धरौटी फिर्ता** - मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १८ बमोजिम करदाताले प्रत्येक महिना बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर अधिकृत समक्ष तोकिएबमोजिम कर विवरण पेश गर्नु पर्ने व्यवस्था रहेको छ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) र अर्थ मन्त्रालयको मिति २०६९।६।१७ को परिपत्र बमोजिम धरौटी फिर्ता गर्नुपर्दा सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गरेपछि भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिका ले देहाय बमोजिमका निर्माण सेवा कम्पनीहरुलाई धरौटी फिर्ता गर्दा मुल्य अभिवृद्धि कर समायोजन प्रमाण बेगर भुक्तानी गरेको देखिएकोले उक्त प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं.।मिति | फर्मको नाम | धरौटी रकम |
|---|---|---|
| ८।२०७७-७-२४ | एकता ट्रेडर्स | ६०००० |
| १३।२०७८-०२-२१ | सिस्टम ईनर्जी | ७५४१८ |
| | जम्मा | १३५४१८ |

१३५,४१८

२५

**गुणस्तर परीक्षण**

**गुणस्तर परीक्षण** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। निर्माण व्यवसायीवाट हुने कार्यमा समेत पुर्ण रुपमा ऐनको पालना भएको देखिएन । नमुना छनौट गरिएको ठेक्का नं.विल्डिङ्ग-१२।२०७७-७८ को निर्माण व्यवसायी शिव कन्स्ट्रक्सनलाई ने.रा. प्रा.वि. निर्माणकायमा गुणस्तर परिक्षणवापत रु.८००० भुक्तानी दिएकोमा गुणस्तर परीक्षण गरेको नदेखिएकोले उक्त कार्यवापत भएको भुक्तानी असुल गर्नु पर्ने रु

साथै अन्य निर्माण कार्यमा गुणस्तर परीक्षण नगरी सो वापत भुक्तानी भएको रकम पालिकाले यकिन गरी असुल गर्नु पर्दछ ।

८,०००

२६

**विविध खर्च तर्फ**

२६.१

**वितरणमुखी कार्यक्रमM**स्थानिय सरकार सञ्चालन ऐन दफा २०७४ को दफा २४ मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यालयले कार्यक्रम तर्जुमा गर्दा सोह आधारलाई मध्यनजर गरि कार्यक्रम तयार गरि कार्यान्वयन गर्नुपर्नेछ । कार्यालयले व्यक्तितथा संस्थालाई फाइदा पुग्ने गरि सामग्री खरिद गरेर वितरण गरेको देखिन्छ । विपन्न तथा लक्षित वर्गलाई

फाइदा पुग्ने समूहमा आधारित कार्यक्रम तथा न्यूनआय वर्गका लागि दिगो रोजगारी सृजना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान नगरी तथा कार्यालयले वितरणको कार्यविधि समेत तयार नगरि समूहको सिफारिस बेगर दामासाही वितरण गरेको, खरिद गरेको बिउबिजन कृषि अनुसन्धान परिषदले सिफारिस गरेको जात भए नभएको, कृषकको खरिद गर्न सक्ने क्षमतालाई समेत ध्यान नराखी तथा दिगो उपयोग र संरक्षणको व्यवस्था नगरी अनुदान दिने कार्य उचित देखिएन यस्तो कार्य नियन्त्रण गर्नुपर्ने देखिन्छ ।यसका केहि उदाहरण देहाय अनुसार रहेको छ -

| गौ.भौ. नं.। मिति | कार्यक्रमको नाम | सहयोगको विवरण | खर्च रु. |
|---|---|---|---|
| १७।२०७७-९-१३ | च्याउ उत्पादन प्रवर्द्धन | कृषकलाई स्पोन प्लाष्टिक वितरण | २७०००० |
| ११।२०७७-०८-२४ | ५०% अनुदानमा गहुँ वितरण | साकार कृषि सहकारी संस्था लि. | १५१८४० |
| | | तपसी कृषि सहकारी संस्था लि. | ४३८०० |
| १९।२०७७-०९-२९ | बसिम जई घाँस बिउ वितरण कार्यक्रम | कृषकलाई बसिम जई घाँस बिउ वितरण | ४८९८५० |
| २४।२०७७-११-१७ | तरकारी र मकैको विउ वितरण कार्यक्रम | कृषकलाई तरकारी र मकैको विउ वितरण | ३५९५०० |
| | | जम्मा | १३१४९९० |

२६.२ **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन ।आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा कार्यालयले कार्यविधि र मापदण्ड तयार गरी सोही अनुरुप आर्थिक सहायता प्रदान गर्नुपर्दछ। आर्थिक सहायता प्रदान गर्दा स्वास्थ्य सम्बन्धमा डाक्टरले जाँच गरेको कागज तथा आगलागी तथा पहिरो पिडितको लागि प्रहरी मुचुल्का लगायत प्रमाणित कागजात पेश भएपछि मात्र सहायता प्रदान गर्नुपर्नेमा निवेदनको आधारमा अध्यक्षवाट तोक लगाई रु.५०००० सम्म , प्रमुख प्रशासकिय अधिकृतको तोक लगाई रु.१०००० सम्म तथा सो भन्दा माथि कार्यपालिकाको निर्णय बमोजोम दिने गरेको देखियो। यस्तो खर्चमा मितव्ययिता अपनाई कार्यविधि तथा मापदण्ड बनाएर मात्र आर्थिक सहायता प्रदानगर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

२६.३ **नर्म्स भन्दा बढी भुक्तानी** - लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधी र मितव्ययिता सम्बन्धि निर्देशिका २०७५ वमोजिम तालिम केन्द्र बाहेक अन्य निकाय बाट सञ्चालित सबै प्रकारका तालिमको श्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिक पालिका स्तरीय भएमा तालिमको लागि प्रतिवेदन वापत रु१४०० र प्रशिक्षक भत्ता वापत प्रति सेसन १००० का दरले भुक्तानी गर्नसक्ने व्यवस्था छ।तर कार्यालयले निम्न गोश्वारा भौचरबाट विभिन्न कार्यक्रमको लागि नर्म्स भन्दा बढी भुक्तानी प्रतिवेदन वापतरु ५००० र प्रशिक्षक भत्ता वापत प्रति सेसन १५०० का दरले नर्म्स भन्दा बढी भुक्तानी दिएको रकमरु३७०६० असुल गर्नुपर्ने रु ३७,०६०

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गौ.भो.नं. । मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>कार्यक्रमको नाम</th><th>भुक्तानी भएको</th><th>भुक्तानी हुनुपर्ने</th><th>बढी</th></tr>
<tr><td rowspan="2">७५।२०७८-३-२०</td><td>प्रशिक्षक दयाराम सुनार (प्रिन्सा परामर्श केन्द्र)</td><td rowspan="2">मानव बेचविखन विरुद्धको तालिम</td><td>५१०००</td><td>३४०००</td><td>१७०००</td></tr>
<tr><td>प्रतिवेदक राम गोपाल विश्वकर्मा</td><td>४२५०</td><td>११९०</td><td>३०६०</td></tr>
<tr><td>७७।२०७८-०३-३०</td><td>प्रशिक्षक जिवन सिंह ठकुरी</td><td>नेतृत्व विकास कार्यक्रम</td><td>३४०००</td><td>१७०००</td><td>१७०००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>३७०६०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६.४</td><td></td><td></td><td>पेश्की फिर्ता – प्रदेश सरकार हस्तान्तरीत कार्यक्रम अन्तर्गत संचालित कार्यक्रमको पेश्की रकम फिर्ता गर्दा प्रदेश सरकारको संचित कोषमा फिर्ता गर्नु पर्दछ । पालिकाले गौ.भो.नं.८७। २०७८-३-३१ बाट कार्यक्रम नभई पेश्की फिर्ता गरेको रु.९७८२० रकम स्थानीय संचितकोषमा फिर्ता गरेको छ । सो रकम प्रदेश सरकारको संचित कोषमा फिर्ता गर्नु रु.</td><td>९७,८२०</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>गापा पूजिगत</td><td></td></tr>
<tr><td>२७.१</td><td>बिभिन्न</td><td></td><td>मूल्य अभिवृद्धि कर कट्टी – आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु६५१३४कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>५० प्रतिशत रकम</th></tr>
<tr><td>४०।७७।८।९</td><td>केयर ट्रेड सेन्टर</td><td>६०९३८१०९८</td><td>४३४४२८</td><td>४९९६२</td><td>२४९८१</td></tr>
<tr><td>४२</td><td>आर क्यू ईन्जिनरिङ्</td><td>६०४०२३०८९</td><td>४९८९९९</td><td>५७४०७</td><td>२८७०३</td></tr>
<tr><td>३८</td><td>एसिअल्ट डिजाईन प्रा ली</td><td>६०६७८७००२</td><td>१९९०६३</td><td>२२९००</td><td>११४५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>६५१३४</td></tr>
</table>
</td><td>६५,१३४</td></tr>
<tr><td>२७.२</td><td>१४३</td><td>२०७७-१२-२६</td><td>पुजिगतवाट कोभिड खर्च नेपाल सरकार कोरोना नियन्त्रण उपचार र रोकथाम कार्यविधि २०७७ अनुसार सबै तहका सरकारहरुले कोरोना सम्बन्धी आम्दानी र खर्चका लागी छुटै कोष स्थापना गरी सोहीवाट खर्च गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले वडा न १ र २ मा कोभिड सचेतना कार्यक्रम संचालन गरी मसुद अमहद हाहलाई रु ३९०००० भुक्तानी गरेको पाईयो । अत कार्यविधिको व्यव्स्था विपरित पुजिगत सार्वजनिक निर्माण शिर्षक अन्तर्गत कोभिड सचेतनाको खर्च लेखेको अनियमित देखिएको रु</td><td>३९०,०००</td></tr>
<tr><td>२७.३</td><td>बिभिन्न</td><td></td><td>बिल भरपाई नभएको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ उप नियम ५ मा विल भरपाई सहितको श्रेस्ता राख्नु पर्ने व्यवस्था रहेको छ ।</td><td>६६६,३६४</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>पालिकाले निम्न कार्यवापत भुक्तानी गरेकोमा आवस्यक प्रमाण कागजात श्रेस्ता साथ संलग्न गरेको नपाईएकोले आवस्यक प्रमाण प्रमाण कागजात पेश हुनु पर्ने रु
<table>
<tr><th>गो भौ</th><th>विवरण</th><th>भुक्तानी पाउने</th><th>कैफियत</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२६७</td><td>११४ बोरा धान</td><td>रामदुत सिड्स सप्लार्यस</td><td>खरिद प्रयोजन नखुलेको</td><td>१९९५००</td></tr>
<tr><td>४६ र ६०</td><td>कार्यक्रम संचालन</td><td>यूथ फेडरेशन फर वर्ल्ड पिस नेपाल</td><td>प्रयोजन नखुलेको सम्झौता प्रतिवेदन नरहेको</td><td>२५७८४५</td></tr>
<tr><td>१५०</td><td>डकुमेन्ट्री आदेश</td><td>आदेश मिडिया प्रा ली</td><td>सम्झौता नरहेको</td><td>३२५९६९६</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>६६६३४६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७.४</td><td>88</td><td>२०७७-१०-२६</td><td>सव कन्ट्याक्टरबाट काम गराएको : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले ग्राभेलको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ । साथै निर्माण व्यावसायीबाट कम मूल्यमा काम गराई बढी भुक्तानी लिएको उपभोक्ताबाट असुल उपर गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ नं/मिति</th><th>उपभोक्ताको नाम</th><th>भुक्तानी रकम</th><th>निर्माण व्यवसायीको नाम</th><th>भुक्तानी रकम</th><th>उपभोक्ताको योगदान</th><th>उपभोक्ता अंश</th><th>हुनु पर्ने</th><th>असुल गर्नुपर्ने रकम</th></tr>
<tr><td>८८।७७।१०२६</td><td>सलापुर सडक निर्माण उ स</td><td>६४१९३७</td><td>जिनत निर्माण सेवा</td><td>५४८१६०</td><td>१० प्रतिशत</td><td>५४८१६</td><td>४९३३४४</td><td>१४८५९२</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td>१४८,५९२</td></tr>
<tr><td>२७.५</td><td></td><td></td><td>गै स स मार्फत कार्य – पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले लेखा परीक्षण नमुना छनौट गरिएका देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा लागत अनुमान तयारी र सम्झौता समेत नगरी पूँजीगत शीर्षकबाट रु. १२११११८७ भुक्तानी दिएको पाईयो । पालिकाले आफ्नै जनशक्ती परीचालन गरी यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

| भौ न | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १७३ | सभ्य समाज नेपाल | जनचेतना | १५०००० |
| १८५ | सभ्य समाज नेपाल | हात धुने जनचेतना | १००००० |
| २०४ | बागेश्वरी अशल शासन | प्रजनन्न स्वास्थ | २०१००० |
| २५९ | दलित सेवा संघ | बेमोसमी तरकारी तालिम | ४००००० |
| ३२१ | मानव समाज विकास मंच | वाल विवाह न्यूनिकरण | ३६०१८७ |
| | जम्मा | | १२११९८७ |

| | | | | |
|---|---|---|---|---|
| २८ | | | **शिक्षा तर्फ** | |
| २८.१ | 174 | २०७८-२-१९ | १७४-07८/२/१९ **सेनिटरी प्याड :** सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड निशुल्क उपलब्ध गराउन कोटेशनवाट सत्यम म्यानुफ्याक्ररिङ्ग इष्टस्ट्रिज एण्ड सप्पलायर्श प्रा ली लाइ प्रति पकेट रु.४५ का दरले ८६७२ प्याकेटको रु. ४४०९७१।२०।०० (मूअकर समेत) भुक्तानी गरिएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।<br>**क)** पालिकाले उक्त सेनिटरी प्याड विभिन्न सामुदायिक विधालयलाइ वितरण गर्न वाकी देखिएकोले सो को वितरण भरपाइको प्रमाण पेश गर्नुपर्ने रु ४४०९७१।२०।००<br>(ख).सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६दफा ५ वमोजिम उपलव्ध सेनिटरी प्याडकोअभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राखी विधालयले छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अधावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी कार्यक्रमको कार्यान्वयनको प्रगति विवरण मन्त्रालयले तोकेको ढाँचामा चौमासिक रुपमा विधालयले स्थानिय तहमा र स्थानिय तहले प्रदेश सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा लेखापरीक्षणको क्रममा यस सवन्धमा कुनै प्रगति विवरण प्राप्त नभएको हुदा यस तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ । | ४४०,९७१ |
| २८.२ | 257 | २०७८-३-२१ | **प्रमाण पेश:**सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३(१ घ) अनुसार खरिद सम्झौता अनुसार कार्य सम्पादनको आधारमार आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ को ३ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ।पालिका वाट गो भौ न २५७।०७८।३।२१ मा निर्माण प्रिन्ट एण्ड प्याकेजिङ्ग वाट EGRP book **भाग २**१२४० थान २७५ को दरले जम्मा रु ३८५३३०।०० (मू अ कर समेत) खरिद गरेको मा सो को जिन्सि दाखिला नभएको र सो को वितरणको प्रमाण पेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रु | ३८५,३३० |
| २८.३ | 261 | | **प्रमाण पेश :**सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३(१ घ) अनुसार खरिद सम्झौता अनुसार कार्य सम्पादनको आधारमार आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ को ३ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ। पालिका वाट भौ न २६१।०७८।३।१८ मा **ए** प्लस कम्यूटर सप्लार्यस वाट कम्पयूटर प्रिन्टर लगायतको रु ४९६०००।०० भुक्तानि दिएकोमा सो को जिन्सि दाखिला नरहेकोले सो को प्रमाण पेश हुनुपर्ने रु | ४९६,००० |
| २८.४ | 276 | २०७८-३-१९ | **विधालय अनुदान:** गो भौ न २७६।०७८।३।१९ मा विद्यालय क्षेत्र विकास कार्यक्रम सि न 2.7.13.13 को विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एंव कार्यसम्पादनमा आधारीत | १,९५०,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रोत्साहन अनुदान अन्तर्गत माध्यामिक विद्यालयमा पुस्ताकालय स्थापना तथा व्यवस्थापन शिक्षण सिकाइ ICT को प्रयोगको लागी 2 वटा विद्यालयलाइ रु 1900000.00 रकम निकासा दिएकोमा कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था अनुसार विद्यालयहरुले सम्वन्धित कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसारको ल्याव स्थापना गरे नगरेको सम्वन्धमा पालिकाद्धारा प्रभावकारी अनुदानको अनुगमन र खर्चको प्रमाणहरु संलग्न नहुँदा तोकिएको शीर्षकमा खर्च भयो भएन यकिन गर्न सकिएन। सो को प्रमाण पेश हुनुपर्ने रु | |
| २८.५ | 285 | २०७८-३-२१ | **प्रमाण पेश:** सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३(१ घ) अनुसार खरिद सम्झौता अनुसार कार्य सम्पादनको आधारमार आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ को ३ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ।पालिका वाट गो भौ न २८५।०७८।३।२१ मा भाग्य लक्ष्मि व्याग हाउस वाट १२ थान रु ३००० को दरले जम्मा रु ४०६८०।००(मू अ कर समेत) खरिद गरेको मा सो को जिन्सि दाखिला नभएको र सो को वितरणको प्रमाण पेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रु | ४०,६८० |
| २९ | | | **शर्शत चालु** | |
| २९.१ | 255 | २०७८-३-१८ | **प्रमाण पेश:** सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३(१ घ) अनुसार खरिद सम्झौता अनुसार कार्य सम्पादनको आधारमार आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ को ३ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ।पालिका वाट गो भौ न २५५।०७८।३।१८ मा म्याक्सवेल वुक्स एण्ड स्टेशनरी वाट वाट EGRP book **भाग १**१२४० थान जम्मा रु ४६२३९६।०० (मू अ कर समेत) खरिद गरेको मा सो को जिन्सि दाखिला नभएको र सो को वितरणको प्रमाण पेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रु | ४६२,३९६ |
| २९.२ | | | **प्रमाण पेश:** सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३(१ घ) अनुसार खरिद सम्झौता अनुसार कार्य सम्पादनको आधारमार आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ को ३ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ।पालिका वाट गो भौ न २५२।०७८।३।१८ मा सिकाइ सहजिकरण लागि शैक्षिक कार्यक्रम अन्तर्गत पञ्चकोषि सप्लार्यस वाट विभिन्न टेवल कूर्चि दराज जस्ता व्यवस्थापन सामानहरु ४ वटा सिकाइ केन्द्रको लागि खरिद गरेको जम्मा रु ४९५२३३।८० (मू अ कर समेत) खरिद गरेको मा सो को जिन्सि दाखिला नभएको र सो को वितरणको प्रमाण पेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रु | ४९५,२३३ |
| २९.३ | | | **वितरण भरपाइ पेश नभएको** (क) गो भौ न ४०२।०७७।३।३० पालिकाको वडा न १ देखी छ सम्माका स्वास्थ्य संस्थाहरुमा कार्यरत ६८ जना महिला स्वंयमसेविका लाय वार्षिक पोशाक भत्ता , यातायात खर्च लगायत अन्य कार्यक्रम वापत भुक्तानि गरिने रकममा वैंकिङ्ग प्रणालि प्रयोग नगरी हालसम्म पनि नगदै वितरण गरेको पाइयो ।पालिकाले यस तर्फ निर्दशिकामा भएको व्यवस्थालाइ प्रभावकारी रुपमा कार्यन्वयन गर्नु पर्छ । वडा न ४ स्वास्थ्य सस्थामा कार्यरत स्वंयसेविकालाइ यातायात खर्च वुझाएको भरपाइ पेश नभएकोले स्वास्थ्य कार्य कर्ता दिनेश कुमार मोर्य वाट रु ६००० असुल हुनुपर्ने रु | ६,००० |

| विधालयको नाम | कार्यक्रम | निकासा रकम |
|---|---|---|
| जय किसान मा वि | ICT ल्याव | 650000 |
| आर्दश मा वि | ICT ल्याव | 650000 |
| जय किसान मा वि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत | | 650000 |
| | | 1950000 |

| | | | | |
|---|---|---|---|---|
| २९.४ | | | **सुरक्षित आवास कार्यक्रम तर्फः**सुरक्षित नागरिक आवास कार्यन्वयन कार्यविधी २०७६ को दफा ७ को उपदफा (४) मा अनुदान उपलव्ध गराउँदा सम्वन्धित स्थानिय तहसँग सम्झौता भएपछी पहिलो किस्ता वापत ६० प्रतिशत रकम उपलव्ध गराइने र दफा ८ मा उपदफा (७) वमोजिम प्राप्त पहिलो किस्ताको रकमवाट काठ र जस्तापाता लगायतको सामाग्रि खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनि स्थानिय तहको प्राविधिक वाट अनुसुची ३ वमोजिमको प्राविधिक सहितको शिफारिसको आधारमा सम्वन्धित स्थानिय तहवाट लाभग्राहिलाइ अन्तिम तथा द्रोस्रो किस्ता उपल्ध गराउने व्यस्था रहेकोमा कार्यालयवाटयस वर्ष ३७८।०७८।३।३० गो भौ न वाट जम्मा रु ४५५०००० मा पहिलो किस्ता वापत १५६ जना लाभग्राहीको खातामा रकम निकाशा गरेको मा कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ। अनुदानको अनुगमन र कार्यसम्पन्न प्रतिवेदन संलग्न नहुँदा तोकिएको शीर्षकमा खर्च भयो भएन यकिन गर्न सकिएन । | |
| २९.५ | | | **तलबी प्रतिवेदन** - निजामती सेवा ऐन, 2049 अनुसार कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गरी कर्मचारीहरुको तलब खर्च लेख्नुपर्नेमा तलबि प्रतिवेदन पारित नगरी स्वास्थ्य तर्फका कर्मचारीहरुको तलब खर्च लेखेको छ । तलबि प्रतिवेदन पारित गरी तलब खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ३० | | | **सामाजिक सुरक्षा** | |
| ३०.१ | | | **तथ्यांक अध्यावधिक :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा १९ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क तथावित्तीय संस्थाबीच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाईं प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले प्रत्येक वर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा प्रथम चौमासिकको एम.आई.एस. अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन ।कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सूचना अद्यावधिक गर्नुपर्दछ । | |
| ३०.२ | | | **सार्वजनिक सुनुवाइः** वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सक्ने कुरा सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरू सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरूमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । कार्यविधिको पालना गर्नुपर्दछ । | |
| ३०.३ | | | **लाभग्राही परिचयपत्र अभिलेखः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १० र ११ अनुसार स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित मुल अभिलेख अद्याविधिक गरि वडा कार्यालय अनुसार तयार गर्ने र केन्द्रिय पञ्जिकरण विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सुचना प्रणाली एम आ एस मा प्रविष्ट गरि प्रणालीबाट प्राप्त भए बमोजिमको परिचय पत्र लाभग्राहीले भत्ता पाउन सुरु गर्ने चौमासिक भन्दा अघिल्लो चौमासिक सम्ममा उपलब्ध गराइसक्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले निर्देशिका अनुसार मुल अभिलेख परिचयपत्र तथा एम आ एस प्रविष्टी गरेको भएतापनि सो को अधावधिक अभिलेख तयार गरेको नदेखीएको साथै निष्क्रिय रहेका लाभग्राहीहरुको वैक खाता समेतको अनुगमन निर्देशिका अनुसार गरिनु पर्दछ । | |
| ३१ | | | **योजना छनौट**<br>**योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७÷७8 को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | |

| विधी | रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १०-५० लाख सम्म | ५० लाख भन्दा बढी |
|---|---|---|---|---|---|---|
| उपभोक्ता | १० | १२ | १० | २० | ५ | ० |
| ठेक्का | ० | ० | ३० | ५ | १५ | २ |
| जम्मा | १० | १२ | ४० | २५ | २० | २ |

३२

**सवारी साधन खरिद**

**सवारीसाधन खरिद –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले 5 थान दुई पांग्रे सवारि साधन खरिदमा रु १७६८४००
बजेटबाट खर्च गरेको छ ।

| क्र.स | सवारी साधन | खरिद संख्या | मुल्य | खरिद मिति | प्रयोग गर्ने पदाधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|
| **1** | मोटरसाईकल | ५ | १७६८४०० | २०७८/०३/२८ | अधिकृत तथा सहायक स्तरका कर्मचारी | |

३३

संपरीक्षण तथा अनुगमन

**नुगमन तथा सम्परीक्षण–**

**क) अनुगमन** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| १४७६८६००० | ० | १४७६८६००० |

**ख) सम्परीक्षण** यस वर्ष फछ्र्यौंट गरेको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

**ग) अद्यावधिक वेरुजु -** यस पालिकाको २०७7।७8 सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| (C=A-B) १४७६८६००० | ० | | ० | |


https://nams.oag.gov.np